नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौं ।
(आन्तरिक व्यवस्थापन शाखा )

पत्र संख्याः-२०७९/८०

च.नं. ११३८

मिति २०७९/११/०५

**<u>बिषय : परिपत्र ।</u>**

श्री मुख्यमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय (सातै प्रदेश) ।
श्री सचिवालय/आयोग/विभाग/प्रतिष्ठान/समिति सबै ।
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै ।
श्री स्थानीय तह सबै ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७९/११/०२, च.नं.प्रा.स./४२१/३९८४ को राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी पत्र यसै पत्रसाथ संलग्न छ । सो पत्रबाट व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

तुलसी भट्टराई
शाखा अधिकृत

**बोधार्थः-**
श्री सूचना तथा प्रविधि शाखा : वेवसाइटमा अपलोड गर्नुहुन ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

क.प्र.म.

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६८२
दर्ता मितिः- ११/२

पत्र संख्या ०७९-८०
च.नं. प्रा.स./४२१/ ३१८४

क.प्र.म
१२९४
११/४

मिति :-२०७९/११/०२

विषय : राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

प्रस्तुत विषयमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ यही फागुन ६, ७ र ८ गते तीन दिनसम्म भव्यताका साथ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा पत्राचारका लागि राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ मूल समारोह समतिको बैठकबाट पारित कार्यक्रमहरुसहितको गृह मन्त्रालयको प.सं. प्रजातन्त्र दिवस-२०७९ च.नं. ६७५ मिति २०७९/१०/२६ को पत्रको छाँयाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

०७९/११/०२

(विष्णु प्रसाद सुवेदी)
शाखा अधिकृत

बोधार्थ

श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

आवश्यक व्यवस्था गर्न
११/२

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

श्री. प्रदेश समन्वय
शा.प्रा.
दर्ता
०८०।११।१

पत्र संख्याः प्रजातन्त्र दिवस-२०७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-६७५

नेपाल सरकार गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७९।१०।२६

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(प्रादेशिक समन्वय तथा योजना महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ यही फागुन ६, ७ र ८ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ मूल समारोह समितिका अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा २०७९।१०।२४ गते मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकबाट पारित कार्यक्रम मुताविक प्रदेशहरुमा प्रदेश र प्रदेशस्थित जिल्ला एवं स्थानीय तहहरु समेतमा तपसिल बमोजिमका कार्यक्रम आयोजना गरी दिवस मनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय मुख्यमन्त्रीज्यूहरुलाई निर्देशन प्रदान हुने व्यवस्थाका लागि निर्णयानुसार सादर अनुरोध छ।

तपसिल

१. मूख्य मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय प्रजातन्त्र दिवस मूल समारोह समिति गठन गरी भव्यतासाथ मनाउने र प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघसंस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा फागुन ६, ७ र ८ गते साँझ दीप प्रज्ज्वलन गर्ने।
२. सार्वजनिक निकाय र स्थलहरुको सरसफाई गरी सम्भाव्य स्थानहरुमा राष्ट्रिय झण्डा राखी सजावट सहित सौन्दर्यीकरण अभिवृद्धि गर्ने ।
३. छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित सन्देशमूलक कार्यक्रमहरु प्रकाशन-प्रशारण गर्ने ।
४. फागुन ६, ७ र ८ गते साँझ प्रदेशस्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरुमा दिप प्रज्ज्वलन गर्ने ।
५. दिवस केन्द्रित विभिन्न सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्र सम्बद्ध सृजनात्मक तथा रचनात्मक प्रतियोगितात्मक कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने ।

(भीमकान्त शर्मा)